# चन्द्रागिरी नगरपालिका

चन्द्रागिरी नगरपालिका

# स्थानीय राजपत्र

खण्ड: १ संख्या: ३ मिति : फाल्गुण १ गते, २०७५


## भाग-२

## चन्द्रागिरी नगरपालिका

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी चन्द्रगिरी नगरपालिकाबाट यो राजपत्र प्रकाशन गरिएको छ ।

## सम्बत् २०७५ सालको कार्यविधि नं. ६

## “घ” वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५

स्थानीय स्तरको विकास निर्माणमा नीजिक्षेत्रको ज्ञान र विषेशज्ञतालाई उपयोग गर्न तथा सार्वजनिक खरीदको मूलभूत विशेषताहरूलाई अक्षुण्ण राखी सार्वजनिक निर्माणको क्षेत्रमा पारदर्शिता, स्वच्छता, ईमान्दारीता, जवाफदेहीता, विश्वसनियता तथा भेदभाव रहित प्रतिस्पर्धा तथा स्थानीय श्रोत साधनको उच्चतम उपयोग जस्ता उद्धेश्यहरू हासिल गर्न सार्वजनिक निर्माणमा निजिक्षेत्रको सहज पहुँचको लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को छ (१०) ले चन्द्रागिरी नगरपालिका प्रशासकिय कार्यविधि (नियमित) गर्ने ऐन, २०७५ को दफा (४) प्रयोग गरी दिएको अधिकारलाई व्यवस्थित गर्न प्रयोग गरी चन्द्रागिरी नगरपालिकाले यो कार्यविधि जारी गरेको छ ।

## १. इजाजतपत्र प्राप्त नगरी सार्वजनिक निर्माण कार्य गर्न नहुने :

प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको वाहेक यस कार्यविधि बमोजिम इजाजतपत्र प्राप्त नगरी “घ” वर्गको निर्माण व्यवसायीको नामबाट कसैले पनि सार्वजनिक निर्माण कार्य गर्न गराउन हुँदैन ।

## २. नयाँ इजाजतपत्र सम्वन्धी व्यवस्था :

(१) सार्वजनिक निर्माण कार्य गर्न चाहने निर्माण व्यवसायीले अनुसूची-१ बमोजिमको ढाँचामा सार्वजनिक निर्माण कार्य गर्न इजाजतपत्रको लागि यस चन्द्रागिरी नगरपालिकाको कार्यालयमा प्रमूख प्रशासकीय अधिकृत समक्ष दरखास्त दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम पर्न आएका दरखास्तहरू प्रमूख प्रशासकीय अधिकृतले अनुसूची-२ वमोजिमको योग्यता भए/नभएको सम्वन्धमा सिभिल ईन्जिनीयर/सव ईन्जिनीयर सहित सदस्य भएको दफा ६ बमोजिमको समितिवाट जाँचवुझ गराउनु पर्नेछ ।

(३) दफा (२) को उपदफा (२) अनुसारको समितिले गरेको सिफारिस सहित प्रमूख प्रशासकीय अधिकृतले इजाजतपत्र प्रदान गर्ने निर्णयका लागि कार्यपालिकाको वैठकमा पेश गर्नुपर्नेछ ।

(४) उपदफा (२) बमोजिम समितिको सिफारिस सहित न्युनतम योग्यता पुगेका निर्माण व्यवसायी फर्म/कम्पनीहरूको इजाजतपत्र कार्यपालिकाको निर्णय वमोजिम चन्द्रागिरी नगरपालिकाको प्रमूख प्रशासकीय अधिकृतले इजाजतपत्र बापत अनुसूची-३ बमोजिमको दस्तुर लिई निजलाई अनुसूची-४ बमोजिमको ढाँचामा इजाजतपत्र प्रदान गर्नेछ ।

## ३. इजाजतपत्रको अवधि र नवीकरण :

(१) दफा २ बमोजिम प्रदान गरिएको इजाजतपत्र दफा ४ बमोजिम खारेज भएको वा प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको अबस्थामा बाहेक चालु आर्थिक वर्षको अन्त्यसम्म मात्र मान्य रहनेछ ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्रको अवधि समाप्त भएका प्रत्येक निर्माण व्यवसायीले इजाजतपत्रको अवधि समाप्त भएको ३ महिना भित्र प्रचलित कानून बमोजिम संघ, प्रदेश र स्थानीय तहलाई तिर्नुपर्ने कर तिरी सकेको

प्रमाण स्वरुप सम्बन्धित संघीय/प्रदेश/ स्थानीय कर कार्यालयबाट प्राप्त करचुक्ता प्रमाणपत्र तथा फर्म वा कम्पनीको दर्ता नविकरण सहित नगरपालिकावाट अनुसूची-३ वमोजिमको दस्तुर तिरी नविकरण गराउनु पर्नेछ । इजाजत पत्र नविकरण गर्न नगरपालिकामा कागजात पेश गर्दा अनुसूची-५ वमोजिमको पास वुक भरी अघिल्लो आर्थिक वर्षको सो फर्म वा कम्पनीले आफुले गरेको कार्यहरूको अद्यावधिक विवरण समेत पेश गर्नु पर्नेछ । यसरी अनुसूची-५ वमोजिमको पासवुक विवरण अद्यावधिक नगर्ने फर्म वा कम्पनीको इजाजत पत्र नविकरण गर्न नगरपालिका वाध्य हुनेछैन ।

(३) उपदफा (२) बमोजिमको म्याद नाघेको छ महिनाभित्र सबै प्रकृया पुरा गरी इजाजतपत्र नवीकरण गराउन चाहने निर्माण व्यवसायीले नविकरण गर्ने माग गरेमा अनुसूची-३ बमोजिमको थप दस्तुर लिई प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र नवीकरण गरीदिने छ ।

## ४. इजाजतपत्रको खारेजी :

(१) देहायको अवस्थामा नगरपालिकाले निर्माण व्यवसायीको इजाजतपत्र खारेज गर्न सक्नेछ :

(क) झुट्ठा विवरण पेश गरी इजाजतपत्र प्राप्त गरेको प्रमाणित भएमा,

(ख) सार्वजनिक निर्माण कार्य गर्ने वा गर्न पाउने उद्देश्यले नेपाल सरकार तथा संगठित संस्थामा झुट्ठा विवरण पेश गरको सम्वन्धित निकायवाट लेखि आएमा,

(ग) सार्वजनिक निकायसंग भएको सम्झौता वमोजिम कार्य सम्पन्न नगरेको वा सम्झौताको गम्भिर उल्लंघन भएको सम्वन्धित निकायवाट लेखि आएमा ।

२) उपदफा (१) बमोजिम इजाजतपत्र खारेज गर्नु अघि सम्बन्धित निर्माण व्यवसायीलाई स्पष्टीकरण पेश गर्न मनासिब माफिकको मौका दिइने छ ।

(३) दफा ३ को उपदफा (३) बमोजिमको म्यादभित्र नवीकरण नभएको इजाजतपत्र स्वतः खारेज हुनेछ ।

(४) उपदफा (१) वा (३) बमोजिम इजाजतपत्र खारेज भएकोमा नगरपालिकाले त्यसको जानकारी सम्बन्धित फर्म वा व्यक्ति वा कम्पनी दर्ता गर्ने कार्यालयलाई दिनेछ ।

## ५. इजाजतपत्रको प्रतिलिपी दिने व्यवस्था :

कुनै निर्माण व्यवसायीले इजाजतपत्र हराए वा नासिएको कारणबाट इजाजतपत्रको प्रतिलिपी पाउन निवेदन गरेमा अनुसूची-३ बमोजिमको दस्तुर लिई इजाजतपत्रको प्रतिलिपी दिनु पर्नेछ ।

## ६. इजाजतपत्र जाँचबुझ एवं सिफारिस समिति :

'घ' वर्गको निर्माण व्यवसायीको इजाजतपत्र जाँचबुझ गरी सफारिस गर्न देहाय बमोजिमको सदस्य रहेको समिति रहनेछ ।

| | | |
|---|---|---|
| १) | प्रमुख प्रशासकिय अधिकृत | **संयोजक** |
| २) | इन्जिनियर (प्राविधिक शाखा प्रमुख) | **सदस्य** |
| ३) | आर्थिक विकास शाखा प्रमुख | **सदस्य** |
| ४) | नगर स्तरीय निर्माण व्यवसायी संघ प्रतिनिधि | **सदस्य** |
| ५) | आर्थिक प्रशासन शाखा प्रमुख | **सदस्य** |
| ६) | सम्बन्धित शाखा | **सदस्य सचिव** |

**७.** 'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्राप्त गर्न एवं नविकरणका लागि अनुसूची ६ बमोजिमको कागजात पेश गर्नुपर्नेछ ।

## ८. प्रचलित कानून बमोजिम हुने :

यस कार्यविधिमा लेखिए जति यसै बमोजिम र अन्यको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

## ९. बचाउः

यस अघि प्रचलित कानून बमोजिम दर्ता भएका ठेक्का वन्दोवस्ती सम्बन्धी फर्म तथा कम्पनीहरूलाई दिइएको इजाजतपत्रहरू यसै कार्यविधि बमोजिम दिइएको मानिनेछ ।

# अनुसूची - १
## दफा २ को उपदफा (१) सँग सम्बन्धित
## इजाजतपत्रको लागि दिइने दरखास्त

श्रीमान् प्रमुख प्रशासकिय अधिकृतज्यू
चन्द्रागिरी नगरपालिका कार्यालय
बलम्वु, काठमाडौं ।

फोटो

यस नगरपालिका कार्यालयको 'घ' वर्गको निर्माण इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५ बमोजिम सार्वजनिक निर्माण कार्य गर्नको लागि इजाजतपत्र पाउन निम्न विवरण भरी यो दरखास्त पेश गरेको छ ।

१. दरखास्त पेश गर्ने फर्म वा कम्पनीको :

नाम : ..................................................................

ठेगाना : ...............................................................

पोष्ट वक्स नं. : ......................... फ्याक्स नं. : ...........................

ईमेल : .....................................टेलिफोन नं. .......................

मोवाइल नं. : ..................................

२. फर्म वा कम्पनीको प्रकृति

☐ प्राइभेट लिमिटेड कम्पनी ☐ पब्लिक लिमिटेड कम्पनी

☐ एकलौटी ☐ साझेदारी

(कोष्ठमा रेजा लगाउनु पर्नेछ ।)

३. सम्पर्कको लागि फर्म वा कम्पनीको आधिकारिक व्यक्तिको :

नामथर : ............................

ठेगाना : ............................ पोष्टवक्स नं. : ...................

टेलिफोन नं. : ..................... मोवाइल नं. : ...........................

फ्याक्स नं. : ......................     इमेल : ..................................

४. फर्म वा कम्पनीको विवरण :

दर्ता नं.     दर्ता मिति :

अधिकृत पुँजी     जारी पुँजी :

दर्ता गर्ने कार्यालयको नाम र ठेगाना :

५. इजाजतपत्र लिन चाहेको वर्ग : 'घ' वर्ग

६. आर्थिक स्रोतको विवरण :

| | रकम | वित्तिय संस्था (बैंकको नाम) |
|---|---|---|
| स्थायी ओभरड्राफ्ट | | |
| मुद्धती खाता | | |
| चल्ती खाता | | |
| बचत खाता | | |

उल्लेखित विवरण बाहेक अन्य विवरण भए छुट्टै पेश गर्न सकिनेछ ।

७. कामदारको विवरण :

क) प्राविधिक

ख) अप्राविधिक     १) लेखापाल - १

२) प्रशासन - १

ग) अन्य

प्राविधिक कर्मचारीको Certificate को प्रतिलिपी तथा निजको मञ्जुरीमा पेश गर्नुपर्नेछ ।

## ८. आफ्नो स्वामित्वमा रहेको निर्माण सम्बन्धी सवारी साधन मेशिनरी औजारको विवरण :

| सि.नं. | नाम तथा विवरण | दर्ता नं. | क्षमता संख्या | मूल्य | खरिद मिति | अन्य व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**द्रष्टव्य :** यस विवरणमा उल्लिखित सवारी साधन तथा मेशिनरी औजारहरूको स्वामित्वको कागजात (दर्ता प्रमाणपत्र) र उक्त मेशिनरी औजारहरु चालु हालतमा रहेको छ भनि मेकानिकल इन्जिनियरद्वारा प्रमाणित भएको हुनु पर्नेछ ।

## ९. यस अघि सम्पन्न गरेको कामको विवरण :

| सि.नं. | निर्माण सम्बन्धी कामको प्रकृति | काम गरेको साल | रकम | ठेक्कामा कार्यालयको नाम | कामको अवस्था (प्रगति प्रतिशतमा) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

## १०. करचुक्ता गरेको प्रमाण कागजात :

क)

ख)

ग)

यस दरखास्त फाराममा उल्लिखित सम्पूर्ण व्यहोरा ठिक साँचो छ। झुठा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला।

निर्माण व्यवसायिको छाप

दरखास्तवालाको :

दस्तखत :

नामथर :

मोवाइल नं. :

मिति :

द्रष्टव्य : यस दरखास्त फारम साथ दरखास्त फाराममा उल्लेख भएको व्यहोरा पुष्टि गर्न सम्बन्धित कागजातको प्रमाणित संलग्न गर्नु पर्नेछ र कार्यालयले माग गरेको बखत सक्कल कागजात पेश गर्नु पर्नेछ।

अनुसुची-२

## “घ” वर्गको निर्माण व्यवसायीको लागि आवश्यक योग्यता

१. आर्थिक क्षमता : प्राईभेट वा पब्लिक लिमिटेड कम्पनी वा साझेदारी फर्मको रुपमा घटीमा पाँच लाख रुपैयाँको चालु पूँजी देखाई सम्बन्धित निकायमा दर्ता भएको हुनु पर्नेछ ।

२. मुख्य जनशक्ति विवरण : मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरीङ विषयमा कम्तिमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्राविधिक, कुनै पनि विषयमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्रशासनिक र वाणिज्य शास्त्र/अर्थशास्त्रमा प्रमाणपत्र तह उत्तीर्ण एक जना जनशक्तिको सेवा पूरा समय प्राप्त हुने व्यवस्था हुनु पर्नेछ ।

३. मेशीन र उपकरण :
(क) Theodolite/Level Machine (एक सेट)
(ख) वाटर पम्प (तीन थान)
(ग) भाइब्रेटर (तीन थान)

*द्रष्टव्य :*

१. उपकरणको नामावली पेश गर्दा उपकरणको स्वामित्वको प्रमाणपत्रका साथै बीमा गरेको कागजातहरू पेश गर्नु पर्नेछ ।

२. माथि उल्लिखित यान्त्रिक उपकरणहरू ठीक अवस्थामा भएको कुरा मेकानिकल इन्जिनियरिङ विषयमा कम्तीमा स्नातक तहको शैक्षिक योग्यता भएको नेपाल इन्जिनियर्स एशोसिएशनको सदस्यता प्राप्त मेकानिकल इन्जिनियरले प्रमाणित गरेको हुनु पर्नेछ ।

३. माथि उल्लिखित यन्त्र उपकरणहरू दर्ता भएको मितिले घटीमा दुई वर्षसम्म बेचबिखन गर्न पाइने छैन ।

४. पन्ध्र वर्ष भन्दा बढी पुरानो यन्त्र उपकरणहरू निर्माण व्यवसायीको स्तर बृद्धि तथा नयाँ दर्ता हुने प्रयोजनको लागि मान्य हुने छैन ।

अनुसूची - ३

**दफा २ को उपदफा (४) र दफा ३ को उपदफा (३) सँग सम्बन्धित**

| क.सं. | निर्माण व्यवसायीको वर्ग | ईजाजतपत्र दस्तुर | ईजाजतपत्र नविकरण दस्तुर | ईजाजतपत्र नविकरण थप दस्तुर | ईजाजतपत्र प्रतिलिपी दस्तुर |
|---|---|---|---|---|---|
| १ | घ | रु. १५,०००/- | रु. ५,०००/- | रु. २,५००/- | रु. ५००/- |

द्रष्टव्य : 'घ' वर्गको निर्माण व्यवसायी ईजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५ बमोजिमका दफा ३ को उपदफा (२) बमोजिम म्यादभित्र ईजाजतपत्र नवीकरण गराउँदा ईजाजतपत्र नविकरण दस्तुरको महलमा उल्लिखित दस्तुर र उपदफा (३) बमोजिम इजाजतपत्र नविकरण गर्दा नविकरण थप दस्तुर समेत लाग्नेछ । साथै इजाजतपत्र हराएको खण्डमा मात्रै प्रतिलिपी दस्तुर लाग्नेछ ।

अनुसूची - ४

## दफा २ को उपदफा ४ र दफा ३ को उपदफा (३) सँग सम्बन्धित

## चन्द्रागिरी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बलम्वु, काठमाडौँ

### इजाजतपत्र

इजाजतपत्र नं. ............... मिति : ................

‘घ’ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०७५ को दफा २ को उपदफा (४) बमोजिम निर्माण व्यवसाय गर्न ................. स्थित कार्यालय भएको .................. फर्म वा कम्पनीलाई इजाजतपत्र प्रदान गरिएको छ ।

घ

इजाजतपत्र दिनेको :

दस्तखत :

नाम :

पद :

मिति :

कार्यालय :

नविकरण :

| नविकरण गर्ने अधिकारी | नविकरण गरेको मिति | नविकरण वहाल रहने अवधि | नविकरण दस्तुर भौचर नं. र मिति | नविकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

## अनुसूची - ५
# निर्माण व्यवसायीबाट सार्वजनिक निर्माण कार्यको अभिलेख विवरण (पासबुक)

| क.सं | आयोजनाको नाम | सार्वजनिक निकायको विवरण | संयुक्त उपक्रमको नाम (यदि भएमा) | शेयर (%) | ठेक्का विवरण | सार्वजनिक निकायको तर्फबाट हस्ताक्षर गर्ने पदाधिकारीको विवरण | समयावधि थप विवरण(यदि भएमा) | Variation को विवरण (यदि भएमा) | प्रगति विवरण | ठेक्का सम्पन्न विवरण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | क) ठेक्का रकम | क) नाम : | क) थप समय: | क) Variation पछिको ContractAmount | क)सम्पन्न रकम : | क) अन्तिम ठेक्का रकम : | |
| | | | | | ......................... | ......................... | | | ......................... | ......................... | |
| | | | | | ख)सम्झौता मिति : | ख)पद : | क) नाम : | क) Variation को निर्णय गर्ने पदाधिकारी को नाम : | ख)सम्पन्न मिति : | ख)सम्पन्न मिति : | |
| | | | | | .................. | .................. | ......................... | ......................... | ......................... | ......................... | |
| | | | | | ग)ठेक्का अवधि | ग)हस्ताक्षर | ख)पद : | ख)पद : | ग) सम्पन्न % | | |
| | | | | | .................... | .................... | .................. | .................. | .................. | | |
| | | | | | | घ)छाप | ग)हस्ताक्षर | ग)हस्ताक्षर | घ)नाम : | घ)नाम : | |
| | | | | | | .................... | .................... | .................... | ................ | ................ | |
| | | | | | | | घ)निर्णय मिति: | घ)छाप | पद : | पद : | |
| | | | | | | | | | .................. | .................. | |
| | | | | | | | छाप | .................... | हस्ताक्षर | हस्ताक्षर | |
| | | | | | | | .................... | | .................... | .................... | |
| | | | | | | | | | छाप | छाप | |
| | | | | | | | | | | | |
| | | | | | | | | | .................... | .................... | |

अनुसूची - ६
दफा ७ को उपदफा १ (३) सँग सम्बन्धित

**इजाजतपत्र प्राप्त गर्न आवश्यक कागजातहरू**

## क) नयाँ दर्ताको लागि

१. घरेलु तथा साना उद्योग कार्यालयमा कम्तीमा ५ लाख चालु पुँजी देखाई दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी/प्रा.लि. भएमा कम्पनी रजिष्टारको कार्यालयमा समेत दर्ता हुनुपर्ने ।

२. स्थायी लेखा नम्वर (मूल्य अभिवृद्धि कर समेत) मा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी । कारोवारको उद्देश्यमा विविध प्रकारको ठेक्का पट्टा गर्ने उल्लेख हुनुपर्ने ।

३. क) फर्मको नाममा खाता खोली रु. १,००,०००/- (एक लाख) जम्मा भएको बैंक भौचर ।

ख) जनशक्ति सम्बन्धमा :

| | |
|---|---|
| ओ.सी./इन्जिनियर | १ जना |
| लेखा सम्बन्धी काम गर्ने | १ जना |
| प्रशासन सम्बन्धी | १ जना |

क) प्राविधिक : कम्तीमा Civil Engineering को Diploma तह उत्तीर्ण एक जना । निजसँग भएको सम्झौता, निजको नागरिकताको प्रमाणपत्र र आवश्यक न्यूनतम योग्यता वा माथिल्लो योग्यता मध्ये एक तहको मात्र Certificate राख्ने ।

ख) लेखा सम्बन्धी काम गर्ने : कम्तीमा वाणिज्यशास्त्र विषयमा १२ कक्षा वा प्रमाणपत्र तह उत्तीर्ण । निजसँग भएको सम्झौता, निजको नागरिकताको प्रमाणपत्र र आवश्यक न्यूनतम योग्यता वा माथिल्लो योग्यता मध्ये एक तहको मात्र Certificate राख्ने ।

ग) प्रशासन सम्बन्धी काम गर्ने : कम्तीमा १२ कक्षा वा प्रमाणपत्र तह उत्तीर्ण । निजसँग भएको सम्झौता, निजको नागरिकताको प्रमाणपत्र र आवश्यक न्यूनतम योग्यता वा माथिल्लो योग्यता मध्ये एक तहको मात्र Certificate राख्ने ।

४. फर्ममा पूर्ण समय दिन्छु भनि करारनामा तिनै जना कर्मचारीको पेश गर्नुपर्ने ।

५. लेवल मेसिन, वाटर पम्प र भाइब्रेटर मेसिन खरिद गरेको सक्कल भ्याट विल । त्यसको पछाडि प्रोपाइटरले दस्तखत गरी फर्मको छाप लगाउने ।

- लेवल मेसिन : निर्माता कम्पनीको नाम र सिरियल नम्वर VAT विलमा उल्लेख हुनुपर्ने ।
- वाटर पम्प मेसिन कम्तीमा २" पानी तान्ने र पम्पिङ्ग हुने क्षमताको मेशिन र निर्माता कम्पनीको नाम उल्लेख हुनुपर्ने ।
- भाइब्रेटर मेसिनको हकमा Capacity तथा निर्माता कम्पनीको नाम उल्लेख हुनुपर्ने ।
- VAT विलमा मेशिनरी उपकरण खरिद गरेको संलग्न विलमा मेकानिकल इन्जिनियरबाट प्रमाणित गरेको लेभल मेसिनको निर्माण कम्पनीको ब्राण्ड तथा सिरियल नम्वर देखिने गरी लेभल मेसिनको रङ्गिन फोटो फाइलका साथ संलग्न गरी पेश गर्नुपर्ने ।
- विलको सक्कल तथा सोको Photocopy गरी नोटरीबाट मे.ई.बाट प्रमाणित गरी फाइल साथ पेश गर्नुपर्ने ।

६. यान्त्रिक उपकरण ठिक अवस्थामा रहेको प्रमाणित गर्ने मेकानिकल इन्जिनियरको नागरिकताको प्रतिलिपी र नेपाल इन्जिनियरिङ्ग परिषद्मा मेकानिकल इन्जिनियरका रुपमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी संलग्न गर्ने ।

७. उल्लेखित मेसिनको विमा गरेको सक्कलै कागजात । विमा अवधि कम्तीमा १ वर्ष हुनुपर्ने ।

८. चन्द्रागिरी नगरपालिकामा, बलम्वु काठमाडौँमा दस्तुर बुझाई दर्ता गराएको रितपूर्वकको निवेदन ।

**ख) इजाजतपत्र नविकरणको लागि**

१. निवेदन
२. नागरिकताको फोटोकपी
३. ठेकेदार वर्गिकरणको इजाजत पत्रको प्रतिलिपी
४. कर चुक्ता प्रमाणपत्र
५. प्यान दर्ता प्रमाणपत्र
६. घरेलु तथा साना उद्योग दर्ता प्रमाणपत्र (नविकरण भएको)
७. नविकरण दस्तुर भौचर
८. कम्पनी दर्ता प्रमाणपत्र

(नोट : सबै प्रतिलिपीहरु Notary Public बाट प्रमाणित हुनुपर्छ । त्यसका साथै सम्बन्धित व्यक्ति वा फर्मको समेत दरखास्त र फोटो अनिवार्य छ ।

**आज्ञाले**
**युवराज पौडेल**
**प्रमुख प्रशासकीय अधिकृत**

प्रमाणिकरण : २०७५/११/१ गते

मुल्य रु. १०।-